# पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
२०७८

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
टेकु, काठमाडौं

### मन्तव्य



स्वास्थ्य संस्थाहरु मार्फत प्रवाह भईरहेका पोषण विशेष सेवाहरुको गुणस्तर सुधार गर्दै पोषण सेवाका उपलब्धीहरुलाई बढाउँदै लैजानु आजको आवश्यकता रहेको छ। यसका लागि स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाले राष्ट्रिय पोषण रणनीति २०७७ ले व्यवस्था गरे अनुरुप क्रमशः देशका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री भएको सुनिश्चित गर्ने अभियानको शुरुवात गरेको छ। यसै अभियानको सफल कार्यान्वयन गर्दै क्रमिक रुपमा सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने र घोषणा गर्ने कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि यो निर्देशिका तयार गरिएको छ। पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ बमोजिम स्वास्थ्य क्षेत्रका लागि तोकिएको जिम्मेवारी पूरा गर्ने अभिप्रायका साथ यो निर्देशिका तयार गरीएको छ। यो निर्देशिकाको कार्यान्वयनले पोषण विशेष सेवा प्रदान गर्ने क्रममा देखिएका विभिन्न समस्याहरु समाधान गर्दै पोषण विशेष सेवालाई थप गुणस्तरीय बनाउने छ भन्ने विश्वास लिएको छु।

स्वास्थ्य संस्थामा पोषण विशेष सेवा लिन आउँदा बिना झन्झट तोकिएका सम्पूर्ण सेवाहरु लिन पाउनु आम नागरिकको नैसर्गिक अधिकार हो। विगतमा पोषणको क्षेत्रमा भएका अथक प्रयासका कारण नेपाली महिला तथा बालबालिकामा क्रमिक रुपमा पोषण अवस्थामा सुधार हुँदै गएको पाईन्छ। बहुक्षेत्रीय पोषण अवधारणा अनुरुप पोषण विशेष कार्यक्रमहरु संचालन गरी पुड्कोपन, ख्याउटेपन, रक्तअल्पत्ता, भिटामिन ए को कमी जस्ता पोषण समस्याहरु निराकरण गर्ने जिम्मेवारी बहन गर्न स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग प्रतिबद्ध रहेको छ।

यो निर्देशिका तयार गर्न पहल गर्नुहुने परिवार कल्याण महाशाखाका निर्देशक तथा पोषण शाखा प्रमुखलाई धन्यवाद दिन चाहन्छु। निर्देशिका लेखन कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण निकाय तथा व्यक्तिहरुप्रति आभार प्रकट गर्न चाहन्छु र यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला निकायबाट आवश्यक सहयोग निरन्तर उपलब्ध हुनेछ भन्ने अपेक्षा लिएको छु।

..............................
डा. दिपेन्द्र रमण सिंह
**महानिर्देशक**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा बिभाग**
टेकु, काठमाण्डौं

## प्राक्कथन



नेपालले दीगो विकास लक्ष्यलाई अनुमोदन गर्दै सन् २०३० सम्ममा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनलाई १५ प्रतिशत, ख्याउटेपनलाई ४ प्रतिशत तथा प्रजनन उमेरका महिलाहरुमा हुने रक्तअल्पत्ताको समस्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेको छ। यी लक्ष्यहरु हाँसिल गर्नका लागि बहुक्षेत्रीय पोषण योजना अनुरुप देशव्यापी रुपमा विभिन्न पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रमहरु लागु भईरहेका छन्। स्वास्थ्य संस्थाहरुमार्फत वृद्धि अनुगमन, शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन, आईरन फोलिक एसिड चक्की वितरण, भिटामिन ए र जुकाको औषधी वितरण, विद्यालय पोषण तथा स्वास्थ्य जस्ता पोषण विशेष सेवाहरु प्रवाह भईरहेका छन्।

पोषण विशेष कार्यक्रम तथा सेवाहरुलाई थप सशक्त बनाउने कडीका रुपमा पोषणमैत्री स्वास्थ्य संस्था अवधारणाको विकास गरिएको छ। पोषणमैत्री स्वास्थ्य संस्था अवधारणाको सफल कार्यान्वयनले स्वास्थ्य संस्था मार्फत प्रवाह भईरहेका पोषण विशेष सेवाहरुलाई सुधार गर्ने अवसर प्रदान गर्नेछ। यसै सन्दर्भमा पोषणमैत्री स्वास्थ्य संस्थाको विकास तथा घोषणा गर्ने अवधारणाको कार्यान्वयन गर्ने प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यो निर्देशिकाको विकास गरिएको छ।

यो निर्देशिका तयार गर्न आवश्यक पहल गर्नुहुने पोषण शाखा प्रमुख लगायत पोषण शाखाका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै यस कार्यमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने सुआहारा कार्यक्रम–२/युएसएआईडी लगाएत अन्य सरकारी तथा गैह्र सरकारी संस्थाहरुप्रति आभार प्रकट गर्न चाहन्छु। पोषणमैत्री स्वास्थ्य संस्था अवधारणा लगायत समग्र पोषण कार्यक्रम संचालनमा सम्पूर्ण सरोकारवाला निकायको निरन्तर सहयोगको अपेक्षा लिएको छ।

.................................
डा. बिवेक कुमार लाल
निर्देशक

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य सेवा बिभाग**
**परिवार कल्याण महाशाखा**
**टेकु, काठमाण्डौ**

फोन नं. ०१ ४२६२१५५
०१ ४२६२२७३
फ्याक्स नं.०१ ४२५६१८१



## आभारोक्ति

बहुक्षेत्रीय पोषण अवधारणा अनुरुप विभिन्न तहमा स्वास्थ्य संस्थाहरुबाट पोषण विशेष सेवाहरु प्रवाह भएको सुनिश्चित गर्न स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा प्रतिबद्ध छ। स्वास्थ्य संस्थाबाट प्रवाह भैरहेका पोषण सेवाको गुणस्तर सुधार नभई पोषण समस्या न्यूनिकरण गर्ने दिशामा आशा गरे अनुरुपको उपलब्धि हाँसिल हनु नसक्ने अवस्था छ।

पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ ले वि.सं. २०८७ सम्ममा देशका सम्पूर्ण स्थानीय तहलाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य निर्धारण गरेको छ। पोषण विशेष सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु पोषणमैत्री नभई पोषणमैत्री स्थानीय तहको कल्पना गर्न सकिन्न। यसै तथ्यलाई मध्यनजर गर्दै परिवार कल्याण महाशाखाले क्रमिक रुपमा देशका सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने अभियनको शुरुवात गरेको छ। यस अभियानले स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार, स्वास्थ्य जनशक्तिको क्षमता, पोषण सेवाका लागि आवश्यक औषधी/उपकरण, अभिलेख/प्रतिवेदन जस्ता क्षेत्रहरुमा सुधार गर्दै समग्र रुपमा स्वास्थ्य संस्थालाई गुणस्तरीय पोषण सेवा प्रदान गर्न सक्षम बनाउने अभिप्राय लिएको छ।

पोषणमैत्री स्वास्थ्य संस्थाको विकास तथा घोषणा गर्ने अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको समन्वयमा यो निर्देशिका तयार गरिएको छ। यो निर्देशिकाको कार्यान्वयनले स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गरी गुणस्तरीय र प्रभावकारी पोषण विशेष सेवा प्रवाह गर्न सक्षम बनाउनेछ। यो निर्देशिका तयारीका लागि अथक प्रयास गर्नु हुने पोषण शाखाका सम्पूर्ण कर्मचारीहरु साथै आर्थिक तथा प्राविधिक सहयोग पुर्याउने सुआहारा कार्यक्रम –२ (युएसएआईडी) लाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसका साथै निर्देशिका लेखन कार्यका लागि प्राविधिक सहयोग पुर्याउनु हुने सम्पूर्ण निकाय तथा व्यक्तिहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। अन्त्यमा, यस निर्देशिकाको सफल कार्यान्वयनका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुर्याउन सम्पूर्ण सरकारी तथा गैह्र सरकारी सरोकारवाला निकायलाई आव्हान गर्न चाहन्छु।

.............................
लिला विक्रम थापा
प्रमुख
पोषण शाखा

# विषयसूचि

पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९

परिच्छेद १ (संक्षिप्त नाम, प्रारम्भ र परिभाषा) १

परिच्छेद २ (भूमिका) २

परिच्छेद ३ (पोषणमैत्री स्वास्थ्य संस्थाको आवश्यकता तथा निर्देशिकाको औचित्य) ४

परिच्छेद ४ (पोषणमैत्री स्वास्थ्य संस्थाको लागि पूर्वतयारी) ५

परिच्छेद ५ (पोषणमैत्री स्वास्थ्य संस्थाको मापदण्ड तथा घोषणा प्रकृया) ६

परिच्छेद ६ (पोषणमैत्री स्वास्थ्य संस्थाको दीगोपना सुनिश्चित गर्ने) ११

परिच्छेद ७ (सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी) १२

परिच्छेद ८ (निर्देशिका कार्यान्वयनका लागि समितिहरुको व्यवस्था) १५

परिच्छेद ९ (विविध) १६

सन्दर्भ सामग्री १७

# पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९

प्रस्तावनाः बहुक्षेत्रीय पोषण योजना दोस्रो तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ को मर्म बमोजिम तथा पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ ले निर्दिष्ट गरे अनुसार नेपालमा बालबालिका, किशोरकिशोरी तथा गर्भवती महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउनका लागि गुणस्तरीय पोषण विशेष सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुको क्षमतामा आभिवृद्धि गर्दै स्वास्थ्य संस्थाहरुलाई पूर्ण र दीगो रुपमा पोषण मैत्री बनाउन आवश्यक भएकाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले यस निर्देशिका जारी गरेको छ ।

# परिच्छेद १
# (संक्षिप्त नाम, प्रारम्भ र परिभाषा)

## १. नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९ हुनेछ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) **"पोषण विशेष सेवा"** भन्नाले परिच्छेद ५ मा उल्लेख गरिएबमोजिम सार्वजनिक स्वास्थ्य संस्थाहरुबाट उपलब्ध पोषण सम्बन्धी सेवाहरुलाई जनाउँदछ ।

ख) **"पोषणमैत्री स्वास्थ्य संस्था"** भन्नाले परिच्छेद ५ बमोजिमका न्यूनतम मापदण्ड तथा सूचकहरु पूरा गरी नियमित रुपमा गुणस्तरीय पोषण विशेष सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्थाहरुलाई जनाउँदछ ।

ग) **"सूचक"** भन्नाले स्वास्थ्य संस्थाहरु पोषणमैत्री भए नभएको निर्धारण गर्ने आधारको रुपमा प्रयोग गरिने परिच्छेद ५ मा तोकिएका विभिन्न सूचकहरुलाई जनाउँदछ ।

घ) **"स्वास्थ्य संस्था"** भन्नाले पोषण विशेष सेवाहरु प्रदान गर्ने सार्वजनिक स्वास्थ्य संस्थाहरुः अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्र (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी), शहरी स्वास्थ्य ईकाई, सामुदायिक स्वास्थ्य ईकाईलाई जनाउँदछ ।

ङ) **"सहयोगी संस्था"** भन्नाले पोषण कार्यक्रम अन्तर्गतका सेवा प्रवाहका लागि नेपाल सरकारलाई आर्थिक तथा प्राविधिक रुपमा सहयोग पुर्याईरहेका अन्तर्राष्ट्रिय दातृ निकाय, बहुपक्षिय वा द्धिपक्षीय निकायहरु, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु तथा राष्ट्रिय गैह्र सरकारी संस्थाहरु तथा निजी क्षेत्र समेतलाई जनाउँदछ ।

च) **"मापदण्ड"** भन्नाले पोषणमैत्री हुन योग्य हुनका लागि स्वास्थ्य स्वास्थ्य संस्थाहरुले पूरा गर्नुपर्ने आवश्यक सेवाको उपलब्धता तथा निरन्तरता, सामग्री, उपकरण तथा स्वास्थ्यकर्मीहरुको दक्षता सम्बन्धी न्यूनतम मापदण्डलाई जनाउँदछ ।

छ) **"सरोकारवाला"** भन्नाले पोषणमैत्री स्वास्थ्य संस्थाको विकास, निर्धारण तथा निरन्तरताको लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने तथा यसका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने सम्पूर्ण सरकारी तथा गैह्र सरकारी निकायहरुलाई जनाउँदछ ।

ज) **"साधन, स्रोत"** भन्नाले पोषणमैत्री स्वास्थ्य संस्थाको विकास, निर्धारण तथा निरन्तरताको लागि आवश्यक पर्ने मानवीय, आर्थिक, उपकरण तथा अन्य स्रोतहरुलाई जनाउँदछ ।

# परिच्छेद २
# (भूमिका)

## ३. नेपालमा विद्यमान कुपोषण समस्याः

विगत लामो समयदेखिको प्रयासको नतिजा स्वरुप नेपालले बालबालिका, किशोरकिशोरी तथा महिलाहरुमा व्याप्त कुपोषणको समस्या घटाउन उल्लेख्य उपलब्धि हाँसिल गरेको भएतापनि पोषण सम्बन्धी विद्यमान सुचकांकहरुको अवस्थाले कुपोषणको समस्या सन्तोषजनक रुपमा समाधान हुन नसकेको यर्थाथ दर्शाउँछन् । बालबालिकामा न्यूनपोषणको समस्या ब्याप्त रहीरहँदा हालैका वर्षहरुमा अधिक पोषणको समस्या समेत बढ्दै गएको देखिएको छ । नेपाल बहुसूचक सर्वेक्षण २०१९ ले सार्वजनिक गरेको पछिल्लो तथ्यांक अनुसार नेपालमा लगभग २४ प्रतिशत बालबालिका उमेर अनुसार कम तौलका छन्, करिब ३१ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ भने १२ प्रतिशत बालबालिका शीघ्र कुपोषणको कारणले ख्याउटे छन् । करिब ३ प्रतिशत बालबालिकामा मोटोपन देखिनुले नेपालमा अधिक पोषणको समस्या समेत बढ्दो क्रममा रहेको दर्शाएको छ । दीगो विकास लक्ष्य प्रति प्रतिबद्धता जनाउँदै नेपालले सन् २०३० सम्ममा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनलाई १५ प्रतिशतमा झार्ने, ख्याउटेपनलाई ४ प्रतिशतमा झार्ने तथा प्रजनन् उमेरका महिलाहरुमा हुने रक्तअल्पत्ताको समस्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । पोषण सम्बन्धी सूचकांकहरुको विद्यमान अवस्थालाई मध्यनजर गर्दा उल्लेखित लक्ष्यहरु हांसिल गर्नका लागि अझ सशक्त कार्यक्रम तथा क्रियाकलापहरुको टडकारो आवश्यकता देखिन्छ ।

## ४. कुपोषण समस्या समाधानका लागि बहुक्षेत्रीय पोषण अवधारणाः

नेपालमा महिला तथा बालबालिकामा विभिन्न कुपोषणको समस्या विद्यमान रहीरहनुका कारणहरु केलाउँदा मुख्य गरेर विभिन्न प्रकारका पौष्टिक खानेकुराको न्यूनता वा कम उपयोग, असन्तुलित खानपान सम्बन्धी बानी व्यवहार, गर्भवती तथा सुत्केरी महिला र बालबालिकाको स्याहारमा परिवारका सदस्यहरुको कम सहयोग, खानेपानी तथा सरसफाईको कमजोर अवस्था, स्वास्थ्य सेवामा न्यून पहूँच, बाल विवाह, महिलाहरुलाई बढी कार्यबोझ, आर्थिक स्रोतमा महिलाको कम पहूँच, महिलामाथि हुने विभिन्न किसिमका हिंसा, पोषण प्रतिकुल सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता, बालबालिकाहरुमा हुने विभिन्न संक्रमण आदि मुख्य कारणको रुपमा रहेको पाईन्छ । बहुक्षेत्रीय र बहुआयामिक यी कारणहरुलाई स्वास्थ्य क्षेत्र एक्लैले सम्बोधन गर्न सम्भव हुँदैन । विगतको यही अनुभव तथा सिकाईले नेपालमा कुपोषणको समस्या समाधानका लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्यको आवश्यकता महशुष भएपश्चात राष्ट्रिय योजना आयोगको संयोजकत्वमा पहिलो बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) को विकास गरिएको थियो । यो योजना लागु भएसंगै नेपालमा बहुक्षेत्रीय प्राथमिकता प्राप्त कार्यक्रमका रुपमा पोषण सम्बन्धी गतिविधि, क्रियाकलापहरु अगाडी बढेका छन् । बहुक्षेत्रीय अवधारणाको निरन्तरता स्वरुप हाल नेपालमा बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६-२०७९/८०) कार्यान्वयनको क्रममा छ । यस अर्थमा नेपालमा हाल संचालनमा रहेका विभिन्न पोषण विशेष तथा पोषण संवेदनशिल क्रियाकलापहरु मुख्य रुपमा बहुक्षेत्रीय पोषण योजनाबाट निर्देशित छन् । बहुक्षेत्रीय पोषण योजनाले स्वास्थ्य लगायतका विभिन्न विषयगत क्षेत्रहरु निर्दिष्ट गरेको छ जसमध्ये पोषण विशेष क्रियाकलापहरु संचालन गरी कुपोषणका तात्कालिन कारणहरु सम्बोधन गर्ने जिम्मेवारी स्वास्थ्य क्षेत्रको रहेको छ ।

## ५. स्वास्थ्य संस्थामार्फत व्यवस्था गरिएका पोषण विशेष सेवाहरूः

बहुक्षेत्रीय पोषण योजना अनुसार पोषण विशेष सेवा प्रवाह गर्ने विषयगत क्षेत्रको रुपमा परिभाषित गरिएको स्वास्थ्य क्षेत्रको जिम्मेवारी पाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न पोषण विशेष क्रियाकलापहरु कार्यान्वयन गर्दै आएको छ । हाल स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा अन्तर्गत निम्नलिखित पोषण विशेष कार्यक्रमहरु संचालनमा रहेका छन ।

क) वृद्धि अनुगमन तथा परामर्श

ख) रक्तअल्पत्ताको रोकथाम तथा नियन्त्रण

ग) भिटामिन ए को कमीको रोकथाम, नियन्त्रण तथा उपचार

घ) जुका नियन्त्रण

ङ) शिशु तथा बाल्यकालिन पोषण कार्यक्रम

च) मातृ, शिशु तथा बाल्यकालिन पोषण कार्यक्रम

छ) शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन (IMAM)

ज) बालभिटा वितरण

झ) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

ट) आयोडिनयुक्त नूनको प्रवर्द्धन

उल्लेखित कार्यक्रम अन्तर्गतका सेवाहरु समुदाय स्तर सम्मका विभिन्न स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह भैरहेका छन् ।

# परिच्छेद ३
# (पोषणमैत्री स्वास्थ्य संस्थाको आवश्यकता तथा निर्देशिकाको औचित्य)

## ६. पोषणमैत्री स्वास्थ्य संस्थाको आवश्यकताः

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा लिन पाउने हक हुने व्यवस्था गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बालबालिका, किशोरकिशोरी तथा गर्भवती महिला लक्षित पोषण विशेष सेवाहरुलाई आधारभूत स्वास्थ्य सेवाको सूचिमा समावेश गरेको छ। यसअर्थमा स्वास्थ्य संस्थामा पोषण विशेष सेवा लिन आउँदा बिना झन्झट र निःशुल्क रुपमा तोकिएका पोषण सेवा पाउनु आम नागरिकको नैसर्गिक अधिकार हो र यो अधिकार सुनिश्चित गर्ने दिशामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रतिबद्ध छ। नागरिकको यो अधिकार साँचो अर्थमा सुनिश्चित गर्नका लागि तोकिएका सबै मापदण्ड पूरा गरी स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण गर्न आवश्यक छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पोषणको क्षेत्रमा गरिएका प्रतिबद्धता पूरा गर्नका लागि नेपालले अङ्गिकार गरेको बहुक्षेत्रीय पोषण योजनाको मर्म बमोजिम स्थानीय तहलाई पोषणमैत्री बनाउने अभियान कार्यान्वयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ जारी गरेको छ। पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिकाले वि.सं. २०८७ सम्ममा सम्पूर्ण स्थानीय तहलाई पोषणमैत्री बनाउने लक्ष्य निर्धारण गरेको छ। बहुक्षेत्रीय पोषण योजना अनुरुप पोषण विशेष सेवा प्रदान गर्ने महत्वपुर्ण विषयगत क्षेत्रको हैसियतमा रहेको स्वास्थ्य सेवाको सुधार नभै समग्र रुपमा पोषणमैत्री स्थानीय तहको कल्पना गर्न सम्भव हुँदैन। तसर्थ उक्त निर्देशिका बमोजिम स्थानीय तहमा स्वास्थ्य क्षेत्रसंग सम्बन्धित मापदण्ड तथा सूचकहरु पूरा गराई स्वास्थ्य संस्थाहरुलाई क्रमशः पोषणमैत्री बनाउँदै लैजानु पर्ने आवश्यकता छ।

## ७. निर्देशिकाको औचित्यः

पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को मर्म बमोजिम स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाले स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह भैरहेका पोषण विशेष सेवाहरुको निरन्तरता तथा गुणस्तर सुधार गर्न सहयोग गर्ने एउटा महत्वपूर्ण गतिविधिको रुपमा पोषणमैत्री स्वास्थ्य संस्था अवधारणाको विकास गरेको छ। यो अवधारणाको कार्यान्वयन गर्नका लागि राष्ट्रिय पोषण रणनीति २०७७ ले क्रमशः सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री भएको सुनिश्चित गर्ने व्यवस्था गरेको छ (रणनीतिक क्रियाकलाप १.३.९)। यही अवधारणा अनुरुप विभिन्न जिल्लाका केही स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा घोषणा गर्ने कार्यको थालनी पनि भैसकेको छ। यसै परिप्रेक्ष्यमा स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने र घोषणा गर्ने प्रकृया थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि यो निर्देशिका तयार गरिएको छ। यो निर्देशिका जारी भएपश्चात स्वास्थ्य संस्थाहरुमा पोषण विशेष सेवाहरुलाई थप चुस्त दुरुस्त बनाउँदै पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने अभियानले तिव्रता पाउनेछ। साथै घोषणा भैसकेका पोषणमैत्री स्वास्थ्य संस्थाहरुलाई दीगो रुपमा पोषणमैत्री अवस्थामा रहीरहनका लागि यस निर्देशिकाले मार्गदर्शन दिनेछ। संघीय, प्रदेश तथा स्थानीय तहमा पोषणमैत्री स्वास्थ्य संस्था अवधारणा कार्यान्वयन गर्ने सम्पूर्ण सरकारी निकाय तथा यसका लागि सहयोग पुर्याउने निकायहरुले यो निर्देशिकाको प्रयोग गर्नेछन्।

# परिच्छेद ४
# (पोषणमैत्री स्वास्थ्य संस्थाको लागि पूर्वतयारी)

**८.** पोषणमैत्री स्वास्थ्य संस्थाको अवधारणा एक पटक पोषणमैत्री घोषणा गरिने अभियानमात्र नभै समग्र रुपमा स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेका पोषण विशेष सेवाहरुलाई थप प्रभावकारी बनाउने आधार हो । पोषणमैत्री स्वास्थ्य संस्था अवधारणाले पोषण लगायत समग्र स्वास्थ्य सेवा सुधार गर्ने एउटा अवसर पनि प्रदान गर्नेछ । यो अवसरको सही सदुपयोग गर्नसके पोषण लगायतका स्वास्थ्य सेवालाई गुणस्तरीय र दीगो बनाउन ठुलो टेवा मिल्नेछ। यसका लागि पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम स्वास्थ्य संस्थामा गठित पोषण सेवा सुधार समितिले आफ्नो स्वास्थ्य संस्थाबाट प्रवाह भैरहेको पोषण सेवाको गुणस्तर सुधार गर्दै पोषणमैत्री उन्मुख हुनका लागि आवश्यक कार्य गर्नुपर्दछ । प्रत्येक स्वास्थ्य संस्थाले पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण हुनका लागि मुलतः निम्नलिखित पूर्वतयारी गर्नुपर्दछः

क) निर्देशिकाको परिच्छेद ५ मा उल्लेख गरिए बमोजिमका न्यूनतम मापदण्ड तथा पोषण विशेष सेवाका सूचकहरुको अध्ययन गर्ने । स्वास्थ्य संस्थामा गठित पोषण सेवा सुधार समितिको बैठक बसी तोकिएका मापदण्ड तथा सूचकहरुको हकमा स्वास्थ्य संस्थाको अवस्था मूल्यांकन गर्ने ।

ख) स्वास्थ्य संस्थामा उपलब्ध आधारभूत पूर्वाधार (भवन, खानेपानी, सरसफाई, चर्पी, उपकरण आदि) को लेखाजोखा गर्ने ।

ग) पोषण लगायत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक औषधी, उपकरण तथा सामग्रीको उपलब्धताको लेखाजोखा गर्ने र यसको नियमित आपूर्तिका लागि सम्बन्धित पालिका तथा अन्य निकायसंग समन्वय र सहकार्य गर्ने ।

घ) स्वास्थ्य संस्थाले पोषणमैत्री हुनका लागि निकट भविष्यमा गर्नुपर्ने कार्य क्रियाकलापहरुको सूचि तयार गर्ने । विशेष गरेर तोकिएका सूचकहरुको अवस्थामा सुधार गर्नका लागि समुदायबाट पोषण तथा स्वास्थ्य सेवा लिन स्वास्थ्य संस्थामा आउने क्रमलाई बढाउने खालका क्रियाकलापहरुलाई प्राथमिकता दिने ।

ङ) पोषणमैत्री हुनका लागि गर्नुपर्ने क्रियाकलापहरु समेटेर कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने । आवश्यकता अनुसार योजना कार्यान्वयनका लागि सम्बन्धित पालिका, स्वास्थ्य कार्यालय तथा अन्य निकायसंग समन्वय र सहकार्य गर्ने ।

# परिच्छेद ५
# (पोषणमैत्री स्वास्थ्य संस्थाको मापदण्ड तथा घोषणा प्रकृया)

## ९. पोषण मैत्री हुनका लागि स्वास्थ्य संस्थाको योग्यता निर्धारण:

पोषणमैत्री हुनका लागि स्वास्थ्य संस्थाको योग्यताको निर्धारण दुई चरणमा गरिनेछ । पहिलो चरणमा पोषणमैत्री स्वास्थ्य संस्था हुन योग्य हुनका लागि स्वास्थ्य संस्थाहरुले निर्धारित अनिवार्य मापदण्ड पूरा गरेको सुनिश्चित गरिनेछ (बुँदा नं ९.१.) । अनिवार्य मापदण्ड १०० प्रतिशत पूरा गरेका स्वास्थ्य संस्थाहरु दोस्रो चरणमा प्रवेश गर्नेछन् जसमा पोषण विशेष कार्यक्रम संग सम्बन्धित १६ वटा प्रतिनिधिमूलक सूचकहरुको मूल्यांकन गरिनेछ र सो मूल्यांकनबाट प्राप्त नतिजाको आधारमा स्वास्थ्य संस्थाको योग्यता निर्धारण गरिनेछ ।

अनिवार्य मापदण्ड तथा सूचकहरुको मूल्यांकनको आधारमा स्वास्थ्य संस्था पोषणमैत्री हुन योग्य भए नभएको कुराको निर्धारण स्थानिय स्वास्थ्य संस्था स्वयंले गर्नेछन् । यसका लागि पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम स्वास्थ्य संस्थामा गठित पोषण सेवा सुधार समितिले बैठक बसी यसको निर्णय गर्नेछ । स्वास्थ्य संस्थाले यो निर्णयको प्रतिलिपि तथा योग्यता निर्धारणको लागि अवलम्बन गरिएको प्रकृया संलग्न राखि पोषणमैत्री स्वास्थ्य संस्था घोषणा प्रकृया अगाडी बढाउनका लागि सम्बन्धित पालिकामा पत्राचार गर्नेछन् । स्वास्थ्य संस्थाबाट जानकारी प्राप्त भएपश्चात पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम स्थानीय तहमा गठित गुणस्तर सुनिश्चिता कार्यसमितिले स्वास्थ्य संस्थाबाट पेश भएको योग्यताको विवरणको प्रमाणीकरण गरी सम्बन्धित स्वास्थ्य संस्थालाई पोषणमैत्री घोषणा गर्ने वा नगर्ने भन्ने निर्णय गर्नेछन् । सो निर्णय बमोजिम पोषणमैत्री घोषणा गर्न योग्य स्वास्थ्य संस्थाहरुलाई सोही बमोजिम घोषणा गर्ने प्रकृया अगाडी बढाईनेछ (बुँदा १० अनुसार) र योग्यता नपुगेका स्वास्थ्य संस्थाहरुलाई सुधारका लागि पत्राचार गरिनेछ (बुँदा ११ अनुसार) ।

### ९.१. अनिवार्य मापदण्ड:

| क्र.सं | मापदण्ड | भएको | नभएको |
|---|---|---|---|
| १ | स्वास्थ्यकर्मीहरु मध्येबाट एक जना सम्पर्क व्यक्ति (फोकल पर्सन) को रुपमा तोकिएको | | |
| २ | स्वास्थ्य संस्थामा पोषण विशेष सेवा दिनका लागि आवश्यक पोषण सम्बन्धी कम्तिमा एक जना तालिम प्राप्त जनशक्ती उपलब्ध भएको | | |
| ३ | • स्वास्थ्य संस्थामा खानेपानी तथा स्वच्छता सम्बन्धी निम्न पूर्वाधारहरु पूरा भएको:<br>• सबै सेवाग्राही तथा सेवा प्रदायकका लागि पहुँचयुक्त र सुरक्षित खानेपानीको सुविधाको व्यवस्था भएको<br>• सबै सेवाग्राही तथा सेवा प्रदायकका लागि पहुँचयुक्त र सफा शौचालयको व्यवस्था भएको<br>• सबै शौचालयहरु र सेवा कक्षहरुमा साबुनपानी सहितको हातधुने स्थानको व्यवस्था भएको | | |
| ४ | बच्चाको तौल लिने मेसिन, उचाई, लम्बाई लिने मेसिन, मुआक टेप उपलब्ध भएको तथा काम गर्ने अवस्थामा रहेको | | |
| ५ | पोषण विशेष सेवा प्रदान गर्नका लागि आवश्यक औषधी तथा सामग्रीहरु: भिटामिन ए क्याप्सुल, जुकाको औषधी, जिङ्क ट्याब्लेट, बालभिटा प्याकेट, आईरन फोलिक एसिड ट्याब्लेट, तयारी उपचारात्मक खाना (बहिरंग उपचार सेवा केन्द्रका लागि) को मौज्दात कम्तिमा एक महिनाको लागि उपलब्ध भएको | | |

| | | | |
|---|---|---|---|
| | मासिक रुपमा कम्तिमा एक पटक स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको बैठक बस्ने गरेको तथा पोषण सम्बन्धि छलफल भएको | | |
| ६ | पोषण सम्बन्धी विभिन्न सूचनामूलक सामग्रीहरु सेवाग्राहीले देख्ने स्थानमा प्रदर्शन गरिएको | | |
| | स्वास्थ्य संस्थामा पोषण विशेष सेवा सम्बन्धी निम्नलिखित अभिलेख तथा प्रतिवेदन फारमहरु उपलब्ध रहेको तथा नियमित र पूर्णरुपमा भरिएको:<br>• बालस्वास्थ्य कार्ड (एचएमआईएस २.१)<br>• दुई वर्षमुनिका बालबालिकाहरुको पोषण रजिष्टर (एचएमआईएस २.३१)<br>• गाउँघर क्लिनिक रजिष्टर तथा प्रतिवेदन फारम (एचएमआईएस ४.१ र ९.२)<br>• महिला स्वास्थ्य स्वयं सेविकाको रजिष्टर (एचएमआईएस ४.२ र ९.१)<br>• स्वास्थ्य संस्थाको मासिक प्रतिवेदन फारम (एचएमआईएस ९.३)<br>• शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (एचएमआईएस २.६)(सेवा उपलब्ध स्वास्थ्य संस्थाको लागि) | | |
| ७ | पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ ले व्यवस्था गरे बमोजिमका पोषण सेवा गुणस्तर मूल्यांकन चेकलिष्टहरु (चेकलिष्ट १ देखि ११) को प्रयोग भएको | | |
| ८ | पोषण विशेष कार्यक्रमका सबै सेवाहरु उपलब्ध भएको | | |
| ९ | स्वास्थ्य संस्थामा पोषण कर्नर स्थापना भएको | | |
| १० | आइमाम कार्यक्रममा Sphere standard पुरा गरेको स्वास्थ्य संस्था (बहिरंग उपचार सेवा केन्द्रको हकमा) | | |

## ९.२. पोषण विशेष सेवाका मूख्य सूचकको मूल्यांकन:

माथि उल्लेखित न्यूनतम मापदण्ड पूरा भएका स्वास्थ्य संस्थाहरुलाई तालिका १ मा उल्लेखित सूचकहरुको विश्लेषणको आधारमा वर्गीकरण गरिनेछ ।

**तालिका १: पोषण मैत्री स्वास्थ्य संस्था निर्धारणका सूचकहरु**

| सूचक नं | सूचक | अवस्था | अंक |
|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रसुति जाँच गरेको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| २ | सुत्केरी महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुति जाँच गरेको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| ३ | गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्कि आइरन फोलिक एसिड चक्कि खाएको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाहरुको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |

| | | | |
|---|---|---|---|
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्ये जन्मेको १ घण्टाभित्र स्तनपान सुरुवात गर्ने शिशुको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| ६ | ६ देखि ५९ महिनाका बालकालिकाले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| ७ | १२ देखि ५९ महिनाका बालकालिकाहरुले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| ८ | २४ महिनासम्मका बालकालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | > १८ | १ |
| | | १५- १८ | ०.५ |
| | | < १५ | ० |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत | < ५ | १ |
| | | ५- १० | ०.५ |
| | | >१० | ० |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | < ५ | १ |
| | | ५- १० | ०.५ |
| | | >१० | ० |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ |
| | | नभएको | ० |
| १४ | पूर्ण मात्रामा (१८० स्याचेट) बालभिटा पाएका बालबालिकाको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिंक चक्की र पुर्नजलिय झोल खुवाउने गरेको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| १६ | २६ हप्तासम्म आईरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | > ९० | १ |
| | | ८० - ९० | ०.५ |
| | | < ८० | ० |
| | जम्मा प्राप्तांक | | |

***द्रष्टव्य:*** *सूचकहरुको मूल्यांकन गर्दा अघिल्लो एक आर्थिक वर्षको सूचकहरुको अवस्थाको मूल्यांकन गर्नुपर्दछ। सूचकहरुको पुष्ट्याईंको आधार एचएमआईएस अभिलेख तथा प्रतिवेदनहरु हुनेछन्।*

**तालिका १ मा उल्लेखित सूचकको विश्लेषणको आधारमा स्वास्थ्य संस्थाहरुलाई निम्नानुसार वर्गीकरण गरिनेछ:**

| जम्मा प्राप्तांक | वर्गीकरण | कैफियत |
|---|---|---|
| १५ देखि १६ | पोषणमैत्री घोषणाका लागि योग्य | पोषणमैत्री स्वास्थ्य संस्था घोषणाको लागि आवश्यक प्रकृया थालनी गर्ने |
| १३ देखि १४ | पोषणमैत्री उन्मुख स्वास्थ्य संस्था | पोषणमैत्री स्वास्थ्य संस्था हुनको लागि कमजोर सूचकहरुको पहिचान गरी सुधार गर्ने |
| १२ वा सोभन्दा कम | पोषणमैत्री उन्मुख नभएको | पोषणमैत्री स्वास्थ्य संस्था हुनको लागि कमजोर सूचकहरुको पहिचान गरी सुधार गर्ने |

## १०. योग्यता पुगेका स्वास्थ्य संस्थालाई पोषणमैत्री भएको घोषणा गर्ने प्रकृया:

बुँदा नं ९ मा उल्लेख गरिएको प्रकृया बमोजिम स्वास्थ्य संस्थाहरुको पोषणमैत्री हुनका लागि योग्यता निर्धारण गरिसके पश्चात योग्य स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री घोषणाका लागि आवश्यक प्रकृयाको थालनी गरिनेछ। यस चरणमा स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री भएको घोषणा गर्नका लागि आवश्यक प्रशासनिक तथा अन्य प्रकृया निम्नानुसार शुरुवात गरिनेछ:

क) स्वास्थ्य संस्था प्रमुखले बुँदा नं. ९ मा गरिएको योग्यता निर्धारण प्रकृया बाट आफ्नो स्वास्थ्य संस्था पोषणमैत्री हुन योग्य भएको व्यहोरा खुलाई सम्बन्धित स्थानीय तहमा पत्राचार गर्ने।

ख) स्थानिय तहमा पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम गठित गुणस्तर सुनिश्चिता कार्यसमितिको बैठक बसी स्वास्थ्य संस्थाबाट प्राप्त जानकारीका आधारमा यस निर्देशिका बमोजिम स्वास्थ्य संस्था पोषणमैत्री हुनका लागि योग्य भए नभएको यकिन गरी अनुमोदन गर्ने।

ग) सम्बन्धित स्थानीय तहका स्वास्थ्य शाखा संयोजकले बुँदा १०ख मा गरिएको निर्णय बमोजिम पोषणमैत्री हुन योग्य स्वास्थ्य संस्थालाई सो घोषणा गर्ने व्यवस्था मिलाउन पत्राचार गर्ने। साथै पोषणमैत्री हुन हाल योग्य नभएका स्वास्थ्य संस्थाको हकमा क्रमश पोषण विशेष सेवाका लागि आवश्यक पूर्वाधार तथा मुख्य सूचकहरुमा सुधार गर्दै पोषणमैत्री उन्मुख हुनका लागि पत्राचार गर्ने (बुँदा ११ बमोजिम)।

घ) सम्बन्धित स्वास्थ्य संस्थाले पोषण सेवा गुणस्तर सुधार समितिको बैठक बोलाई पालिकाबाट बाट प्राप्त पत्र बमोजिम स्वास्थ्य संस्थालाई पोषणमैत्री भएको घोषणा कहिले र कसरी गर्ने भनेर निर्णय गर्ने।

ङ) पोषणमैत्री भएको घोषणा गरेपश्चात महिला स्वास्थ्य स्वयं सेविका , वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति लगायत तथा अन्य माध्यमबाट सो को बारेमा जानकारी समुदायस्तरसम्म गराउने।

च) यस निर्देशिका बमोजिम पोषणमैत्री घोषणा गरिएका स्वास्थ्य संस्थाहरुमा पोषणमैत्री अवस्थाको दिगोपना सुनिश्चित गर्नका लागि आर्थिक लगायत अन्य प्रोत्साहनको व्यवस्था गर्ने

## ११. योग्यता नपुगेका स्वास्थ्य संस्थाहरुको हकमा:

क) पोषणमैत्री हुन योग्यता नभएका स्वास्थ्य संस्थामा पोषण सेवा गुणस्तर सुधार समितिको बैठक बसी आफ्नो स्वास्थ्य संस्थालाई तोकिएका मापदण्ड पूरा गरी पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने विषयमा छलफल गर्ने।

ख) उक्त बैठकमा पोषणमैत्री हुन आवश्यक मापदण्डहरुमध्ये आफ्नो स्वास्थ्य संस्थामा कुन कुन मापदण्ड पूरा भएको छैन सो को पहिचान गर्ने।

ग) पूरा नभएका मापदण्डहरुमा सुधार गर्नका लागि गर्नुपर्ने आवश्यक क्रियाकलापहरु निर्धारण गर्ने तथा उक्त क्रियाकलापहरु

गर्नका लागि आवश्क स्रोतको पहिचान र परिचालन गर्ने । यसका आधारमा पोषणमैत्री स्वास्थ्य संस्थाका लागि आवश्यक मापदण्डहरुको सुधारका लागि विस्तृत कार्ययोजना बनाउने ।

घ) बुँदा ११ग बमोजिम तयार गरिएको कार्ययोजना कार्यान्वयन गर्ने क्रममा आवश्यक सहयोगका लागि सम्बन्धित पालिका तथा स्वास्थ्य कार्यालय संग समन्वय गर्ने ।

ङ) बुँदा ११घ अनुसार तयार गरिएको कार्ययोजना बमोजिम क्रियाकलापहरुको कार्यान्वयन गर्ने , नियमित अनुगमन गर्ने र क्रमशः स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने ।

# परिच्छेद ६
# (पोषणमैत्री स्वास्थ्य संस्थाको दीगोपना सुनिश्चित गर्ने)

**१२.** पोषणमैत्री स्वास्थ्य संस्थाको घोषणा एकपटक गरिने कार्य वा अभियान मात्र नभै निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी रुपमा गुणस्तरीय पोषण विशेष सेवा प्रवाह गर्न सक्षम बनाउने एउटा महत्वपूर्ण पद्धती हो । यसका लागि एक पटक पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा घोषणा भैसकेका स्वास्थ्य संस्थाहरुले निरन्तर रुपमा निर्धारण गरिएका मापदण्ड पूरा गरीरहन आवश्यक हुन्छ । यसरी निरन्तर रुपमा तोकिएका मापदण्ड भित्र रहीरहनका लागि स्वास्थ्य संस्थाहरुले निम्न प्रकृयाको अवलम्बन गर्नेछन्:

क) पोषणमैत्री घोषणा गरिएका स्वास्थ्य संस्थाहरुले प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस निर्देशिकाको परिच्छेद ५ मा उल्लेख गरिएबमोजिम योग्यता निर्धारणका मापदण्ड तथा सूचकहरुको मूल्यांकन गर्ने ।

ख) योग्यता निर्धारणका मापदण्ड तथा सूचकहरुको मूल्यांकन गर्दा तोकिएको योग्यता पूरा भएको पाईएमा सोको जानकारी सम्बन्धित स्थानीय तहलाई पत्राचारमार्फत गराउने ।

ग) बुँदा १२ख बमोजिम मूल्यांकन गर्दा तोकिएका मापदण्डहरु पूरा नभएको वा सूचकहरुको प्रगतिमा कमी भएको पाईएमा सो को बारेमा विस्तृत अध्ययन तथा विश्लेषण गर्ने । यसका लागि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यहरु, स्वास्थ्य संस्थाका प्रमुख तथा अन्य स्वास्थ्यकर्मीहरु लगायत केही वडाका महिला स्वास्थ्य स्वयं सेविकाहरुको संयुक्त बैठक बसी खस्किएका मापदण्ड तथा सूचकहरुका बारेमा छलफल गर्ने ।

घ) बुँदा १२ग अनुसार बस्ने बैठकले अघिल्लो वर्षको तुलनामा यस वर्षमा मापदण्ड वा सूचकहरु खस्किनुका कारणहरुको पहिचान गर्ने तथा पुनः सुधारका लागि आवश्यक कार्ययोजना तयार गर्ने । तयार गरिएको कार्ययोजना कार्यान्वयन गर्नका लागि कुनै किसिमको सहयोग आवश्यक भएमा सम्बन्धित पालिका तथा स्वास्थ्य कार्यालय संग समन्वय गर्ने

# परिच्छेद ७
# (सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी)

**१३.** यस निर्देशिकाको कार्यान्वयनका लागि संघदेखि स्थानीय तहसम्मका विभिन्न निकायको भूमिका तथा जिम्मेवारी निम्नानुसार हुनेछन्:

### १३.१. स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा

क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा सरोकारवाला सहयोगी संस्थाहरुसंग समन्वय र सहकार्य गरी पोषणमैत्री स्वास्थ्य संस्था अवधारणा कार्यान्वयन गर्नका लागि लागि आवश्यक आर्थिक लगायत अन्य स्रोतको व्यवस्था गर्ने ।

ख) यस निर्देशिकाको परिच्छेद ५ मा उल्लेख गरिए अनुसार पोषणमैत्री स्वास्थ्य संस्थाको मापदण्ड पुरा गराउन आवश्यक व्यवस्था मिलाउने ।

ग) निर्देशिका कार्यान्वयनका लागि प्रादेशिक सामाजिक विकास मन्त्रालय वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालयहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।

घ) पोषण सेवाको पहूँच तथा उपयोग बढाउनका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र संगको सहकार्यमा सूचना सामग्रीहरुको विकास गर्ने तथा प्रचार प्रसार गर्ने ।

### १३.२. प्रदेश स्तरीय सामाजिक विकास मन्त्रालय/स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

क) आफ्नो मातहतका स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री बनाउनका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

ख) प्रदेश स्तरीय वार्षिक बजेट तथा योजना तर्जुमा गर्दा पोषणमैत्री स्वास्थ्य संस्था सुदृढीकरणका लागि आवश्यक बजेट विनियोजन भएको सुनिश्चित गर्ने ।

ग) पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम स्थानीय तहमा गुणस्तर सुनिश्चितता कार्यसमिति तथा स्वास्थ्य संस्था स्तरमा पोषण सेवा सुधार समितिको गठन गर्न सहजीकरण गर्ने ।

घ) स्थानीय तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरुलाई सकृय एवं क्रियाशिल बनाउने

### १३.३. प्रादेशिक स्वास्थ्य निर्देशनालय

क) निर्देशिका कार्यान्वयनका लागि स्थानीय निकाय तथा स्वास्थ्य संस्थाहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।

ख) पोषणमैत्री घोषणा गरिएका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा मूल्यांकन गरी यसको दीगोपना सुनिश्चित गर्ने ।

ग) पोषणमैत्री घोषणा नभएका स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री हुनका लागि आवश्यक पूर्वाधारको विकास गर्न सहयोग पुर्याउने ।

### १३.४. प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

क) स्वास्थ्य निर्देशनालय तथा संघीय आपूर्ति व्यवस्था शाखासंग समन्वय गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार पोषण तथा स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक सामग्री तथा उपकरणहरुको मौज्दात सुनिश्चित गर्ने ।

ख) स्वास्थ्य संस्थाहरुको माग तथा आवश्यकता बमोजिम सहज रुपमा समयमै गुणस्तरीय पोषण सेवाका लागि आवश्यक सामग्री, उपकरण तथा औषधीहरुको ढुवानी गर्ने व्यवस्था मिलाउने ।

### १३.५. स्वास्थ्य कार्यालयहरु

क) आफ्नो कार्यक्षेत्र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा प्राविधिक सहयोग भ्रमण गरी स्वास्थ्यकर्मीहरुको पोषण विशेष सेवा गुणस्तरीय रुपले प्रवाह गर्नका लागि आवश्यक ज्ञान र सीप सुधार गर्ने ।

ख) पोषणमैत्री घोषणा हुन बाँकी स्वास्थ्य संस्थाहरुलाई पोषण विशेष सेवामा सुधार गर्दै पोषणमैत्री उन्मुख बनाउन प्राविधिक सहयोग उपलब्ध गराउने ।

ग) पोषणमैत्री घोषणा भैसकेका स्वास्थ्य संस्थाहरुलाई यसको दीगोपनाको लागि प्रोत्साहन गर्ने र आवश्यकता अनुसार यसका लागि प्राविधिक सहयोग गर्ने ।

घ) पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम स्थानीय तहमा गठित गुणस्तर सुनिश्चितता कार्यसमिति तथा स्वास्थ्य संस्था स्तरमा गठित पोषण सेवा सुधार समितिको सक्रियता तथा निरन्तरता सुनिश्चित गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।

ङ) प्रभावकारी आपूर्ति व्यवस्थापनको कमीले पोषणमैत्री हुन योग्य नभएका स्वास्थ्य संस्थाहरुलाई विशेष प्राथमिकताका साथ आवश्यक औषधी तथा उपकरणहरु उपलब्ध गराउने

### १३.६. स्थानीय महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाउपालिका

क) आफ्नो मातहतका स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्नका लागि आवश्यक पूर्वाधार, सेवाको अवस्था, सूचक आदिको मूल्यांकन गर्ने ।

ख) स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री बनाउनका लागि आवश्यक कार्ययोजना तयार गर्ने तथा स्थानीय तहको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाको समयमा पोषण सेवा सुदृढीकरणका लागि आवश्यक बजेटको व्यवस्था भएको सुनिश्चित गर्ने ।

ग) आफ्नो अधिकार क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा पोषणमैत्री सेवा प्रवाहका लागि आवश्यक औषधी, उपकरण तथा अन्य सामग्रीको व्यवस्था भए नभएको सुनिश्चित गर्ने ।

घ) स्वास्थ्यकर्मीहरुको पोषण विशेष सेवा प्रदान गर्ने क्षमता अभिवृद्धि गर्नका लागि सम्बन्धित निकायसंग पहल गर्ने ।

ङ) स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको पोषण विशेष सेवाको गुणस्तरीयता तथा प्रभावकारीता कायम गर्न अनुगमन तथा मूल्यांकन गर्ने ।

च) स्वास्थ्यकर्मीहरुलाई यस निर्देशिका बमोजिम पोषणमैत्री सेवा प्रदान गर्ने कार्यमा प्रोत्साहित गर्नका लागि उपलब्ध साधन स्रोतका आधारमा पुरस्कारको व्यवस्था गर्ने ।

छ) पोषण सेवा संग सम्बन्धित विभिन्न समिति, समूहहरुबीचको समन्वय, सहकार्यलाई सुदृढ बनाउन आवश्यक पहल गर्ने

### १३.७. स्वास्थ्य संस्था

क) सम्बन्धित पालिकासंग समन्वय र सहकार्य गरी निर्देशिका बमोजिम स्वास्थ्य संस्थालाई पोषणमैत्री बनाउनका लागि आवश्यक तयारी गर्ने ।

ख) निर्देशिका बमोजिम पोषणमैत्री घोषणका लागि न्यूनतम मापदण्ड तथा पोषण सेवाका सूचकरुको हकमा आफ्नो स्वास्थ्य संस्थाको विश्लेषण गरी कमी कमजोरीहरुको पहिचान गर्ने र सो को आधारमा कार्ययोजना तयार गर्ने ।

ग) पोषणमैत्री स्वास्थ्य संस्थाका रुपमा रुपान्तरण हुनका लागि आवश्यक प्राविधिक तथा भौतिक सहयोगका लागि सम्बन्धित पालिका, स्वास्थ्य कार्यालय तथा स्थानीय स्तरमा सक्रिय संघ संस्थासंग समन्वय र सहकार्य गर्ने ।

घ) पोषणमैत्री घोषणा भैसकेपश्चात दीगो रुपमा तदनुरुपका सेवाहरु प्रवाह भएको सुनिश्चित गर्ने ।

ङ) पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण हुनका लागि पूर्वतयारी गर्ने क्रममा, पोषणमैत्री घोषणा गर्ने क्रममा तथा घोषणा पश्चात स्वास्थ्य संस्थामा यससम्बन्धी भएका छलफल, सूचकांकहरुको विश्लेषण आदिको अभिलेख दुरुस्त राख्ने । यसका लागि स्थानीय स्तरमा उपलब्ध सामान्य रजिष्टरको प्रयोग गर्न सकिनेछ ।

च) नियमित रुपमा पोषण सेवा सुधार समितिको बैठक बसी पोषण सेवाको गुणस्तर सुधार गर्ने विषयमा आवश्यक छलफल गर्ने, क्रियाकलापहरु निर्धारण गर्ने र कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने ।

## १३.८. महिला स्वास्थ्य स्वयं सेविका

क) विभिन्न पोषण विशेष सेवाहरु लिनका लागि स्वास्थ्य संस्थामा जाने दर बढाउनका लागि समुदायस्तरमा यससम्बन्धी जनचेतना फैलाउने ।

ख) स्वास्थ्य आमा समूहको बैठकमा नियमित रुपमा पोषण सम्बन्धी सेवाहरुका बारेमा छलफल चलाउने ।

## १३.९. सहयोगी संस्थाहरू

क) गुणस्तरीय पोषण विशेष सेवा प्रवाहका लागि संघीय, प्रादेशिक तथा स्थानिय स्तरमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

ख) पोषण विशेष सेवाको सुदृढीकरणका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, औषधी, सामग्री/उपकरणको खरिद तथा वितरणमा सहयोग प्रदान गर्ने ।

# परिच्छेद ८
# (निर्देशिका कार्यान्वयनका लागि समितिहरुको व्यवस्था)

**१४.** पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका कार्यान्वयनको क्रममा प्राविधिक सहयोग, अनुगमन तथा मूल्यांकनका लागि छुट्टै समितिहरुको व्यवस्था गरिने छैन । बहुक्षेत्रीय पोषण योजना दोस्रो, राष्ट्रिय पोषण रणनीति २०७७ तथा पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ तथा पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम समग्र पोषण गतिविधिहरुको लागि प्राविधिक सहयोग प्रदान गर्न तथा अनुगमन र मूल्यांकन गर्नका लागि पहिलेनै व्यवस्था गरिएका समितिहरु ले नै यस निर्देशिका कार्यान्वयनको पनि अनुगमन र मूल्यांकन गर्नेछन् । विभिन्न तहमा निर्देशिका कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्यांकन गर्न तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनका लागि निम्नानुसारका समितिहरुले जिम्मेवारी वहन गर्नेछन्:

(क) **संघ:** संघीय तहमा पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका कार्यान्वयनको अनुगमन तथा मूल्यांकन राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिले गर्नेछ । साथै पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम संघीय तहमा गठित निर्देशक समितिले स्वास्थ्य संस्था तहमा पोषण गुणस्तर सुधार सम्बन्धी गतिविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गर्नेछ । यसैगरी परिवार कल्याण महाशाखा अन्तर्गतको पोषण प्राविधिक समिति (Nutrition Technical Committee) ले यस निर्देशिका कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(ख) **प्रदेश:** प्रदेश तहमा पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका कार्यान्वयनको अनुगमन तथा मूल्यांकन प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले गर्नेछ । उक्त समितिले स्थानीय तहमा यो निर्देशिकाको पूर्ण कार्यान्वयन गरी पोषणमैत्री स्वास्थ्य संस्थाको विकासका लागि आवश्यक मार्गनिर्देशन दिनेछ । यसैगरी राष्ट्रिय पोषण रणनीतिले व्यवस्था गरे अनुरुप प्रदेश तहमा सामाजिक विकास मन्त्रालयको स्वास्थ्य महाशाखा अन्तर्गत वा स्वास्थ्य मन्त्रालय अन्तर्गत गठन गरिने पोषण प्राविधिक समितिले पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछ । यसैगरी बहुक्षेत्रीय पोषण योजना दोस्रोले तोके बमोजिम जिल्ला समन्वय समितिहरुले गाउँपालिका तथा नगर पालिकाहरुमा यस निर्देशिका कार्यान्वयनको अनुगमन, समिक्षा तथा मूल्यांकन गर्नेछन् । यसैगरी पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम प्रदेश स्तरमा गठित गुणस्तर सुधार निर्देशक समितिले प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा पोषण सेवाहरुको सुधार गर्दै पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण हुन सहयोग गर्नेछन् ।

(ग) **स्थानिय तह:** राष्ट्रिय पोषण रणनीतिले व्यवस्था गरेअनुरुपनै नगरपालिका/गाउँपालिकाहरुमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरुलाई सक्रिय बनाईनेछ । पोषण खाद्य सुरक्षा निर्देशक समिति गठन नभएका स्थानहरुमा गठन गर्ने पकृया अगाडी बढाईनेछ । स्थानिय स्तरमा गठित सोही समितिले यस निर्देशिका कार्यान्वयनको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ साथै निर्देशिका कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गनेछ । यसका साथै स्वास्थ्य संस्थामा गठित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले निर्देशिका बमोजिम पोषणमैत्री स्वास्थ्य संस्थाको लागि आवश्यक पूर्वाधार सूचकहरुको सुधारका लागि आवश्यक पहल गर्नेछन् । यसैगरी पोषण सेवा गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिम स्थानिय स्तरमा गठित पोषण सेवा गुणस्तर सुधार कार्यसमितिले आफ्नो मातहतका स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको पोषण सेवाको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गरी सेवाको गुणस्तर सुधार गर्न तथा पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण गर्न आवश्यक सहयोग गर्नेछन् ।

# परिच्छेद ९
# (विविध)

**१५. निर्देशिकाको परिमार्जन**ः यस निर्देशिकालाई आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

**१६.** यस निर्देशिकामा उल्लेखित कुनैपनि विषय प्रचलित ऐन, नीति, नियमसंग बाझिन गएमा मौजुदा ऐन, नीति, नियममा उल्लेख भएबमोजिम हुनेछ ।

# सन्दर्भ सामग्री


१. राष्ट्रिय स्वास्थ्य नीति २०७६, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमांडौ

२. बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/२०७६-२०७९/८०), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमांडौ, नेपाल, २०७४

३. बहुक्षेत्रीय पोषण योजना पहिलो (२०६९-२०७३), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमांडौ, नेपाल, २०६९

४. पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८, नेपाल सरकार, सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

५. नेपाल बहुसूचक सर्वेक्षण, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभाग, २०१९

६. जनस्वास्थ्य सेवा ऐन २०७५, नेपाल सरकार, कानून आयोग

७. राष्ट्रिय पोषण रणनीति, २०७७, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा

८. नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७), नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमांडौ

९. वार्षिक स्वास्थ्य प्रतिवेदन (ब्ललगर्बा च्भउयचत) २०७५/७६, स्वास्थ्य सेवा विभाग, टेकु, काठमांडौ

१०. जनस्वास्थ्य सेवा ऐन, २०७५, संघिय संसद सचिवालय, २०७५

११. बृहत पोषण विशेष कार्यक्रम सम्बन्धी स्वास्थ्य कार्यकर्ताहरुको लागि आधारभूत क्षमता अभिवृद्धि पुस्तिका २०७५, स्वास्थ्य सेवा विभाग, टेकु, काठमांडौ

१२. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुका लागि खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी राष्ट्रिय मापदण्ड २०७७, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय



**यस निर्देशिका तयार पार्न योगदान गर्ने विज्ञहरु**

**स्रोत व्यक्तिहरु:**

१. डा. दिपेन्द्र रमण सिंह, महानिर्देशक, स्वास्थ्य सेवा विभाग

२. डा. विवेक कुमार लाल, निर्देशक, परिवार कल्याण महाशाखा

३. लिला विक्रम थापा प्रमुख, पोषण शाखा, परिवार कल्याण महाशाखा

४. हरिहर प्रसाद शर्मा, पोषण शाखा, परिवार कल्याण महाशाखा

५. मिना मोते, पोषण शाखा, परिवार कल्याण महाशाखा

६. कल्पना पाण्डे, पोषण शाखा, परिवार कल्याण महाशाखा

७. आशिष तिमल्सिना, पोषण शाखा, परिवार कल्याण महाशाखा

**प्राविधिक समूह**

१. देवेन्द्र अधिकारी, युएसएआइडी

२. फूल्गेन्द्र सिंह, यूनिसेफ

३. करुणा लक्ष्मी शाक्य, सुआहारा दोस्रो कार्यक्रम

४. भीम कुमारी पुन, सुआहारा दोस्रो कार्यक्रम

५. केपि लम्साल, पोषण शाखा, विश्व खाद्य कार्यक्रम

६. राज नन्दन मण्डल, सुआहारा दोस्रो कार्यक्रम

७. फेमिला सापकोटा, सुआहारा दोस्रो कार्यक्रम

८. बिरभ प्रधान, सुआहारा दोस्रो कार्यक्रम

९. डा. सलिल राणा, पोषण शाखा, सुआहारा दोस्रो कार्यक्रम